# चम्पादेवी गाउँपालिका, ओखलढुंगा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ७, संख्या ३ मितिः २०८१/०१/३०**

## भाग २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चम्पादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०१/२७** **प्रमाणिकरण मिति : २०८१/०१/२८**

## "उन्नत जातको बोका, बाखा खरिद अनुदान तथा वितरण कार्यविधि, २०८१"

**प्रस्तावनाः** मासुमा आत्मनिर्भर बनाउनका लागि यस गाउँपालिकामा व्यवसायिक रुपमा बाखा पालन हुँदै आएको छ । परम्परागत रुपमा पालिदै आएको बाखा आफ्नै सन्तानहरुसँग हाडनाता प्रजनन् भई रहेको विद्यमान अवस्थामा उत्पादित बाखाहरु पुड्का, होचा, ख्याउटे र रोगी हुनका साथै न्यून उत्पादन रहेको पाइन्छ । यस प्रकारको हाडनाता प्रजनन् हुन नदिनका लागि बाहिरबाट ल्याएको उन्नत वा सुधारीएको बोकाहरु जस्तै बोयर, जमुनापारी, सानन, खरी आदिबाट प्रजनन् गराउने प्रचलन निकै लोकप्रिय हुदै आएको छ । सुधारिएको तथा उन्नत जातका बोकाहरुबाट स्थानीय बाखाहरुमा प्रजनन् गराइएमा बाखाको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने उदेश्यले गाउँपालिका क्षेत्रमा उन्नत जातको बोका र पाठी खरिद गरी वितरण गर्नका लागि गाउँपालिका, संघीय सरकार तथा प्रदेश सरकारको बजेटको चुस्त, दुरुस्त, प्रभावकारी तथा दिगोपनाका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम : **"उन्नत जातको बोका, बाखा खरिद अनुदान तथा वितरण कार्यविधि, २०८१"** भन्ने रहेको छ ।

(ख) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २. यो कार्यविधि लागु हुने क्षेत्र

(क) यो कार्यविधि चम्पादेवी गाउँपालिका भित्र लागु हुने छ ।

## ३. परिभाषा : बिषय प्रसंगले अर्को अर्थ नलागेमा :

क) "उन्नत बोका" भन्नाले जातिय शुद्धता कम्तीमा ८५ प्रतिशत भएको प्रजनन् योग्य स्वस्थ्य बोकालाई जनाउने छ ।

ख) "प्रजनन्" भन्नाले बोकाद्धारा बाखालाई सन्तान उत्पादनको लागि बालि लगाउने क्रियालाई भनिन्छ।

ग) "हाडनाता प्रजनन" भन्नले सात पुस्ता भित्रका सन्तती बीच प्रजनन् गराउने क्रियालाई भनिन्छ ।

घ) "खरिद समिति" भन्नाले गाउँपालिकाले नियम अनुसार वस्तु तथा सामाग्री खरिद गर्न बनाईएको समितिलाई मानिन्छ ।

ङ) "बाखाको प्रथामिकता क्षेत्र" भन्नाले पालिकाको नीति तथा कार्यक्रम अनुसार बाखा पालन गर्नको लागि पालिकाले छुट्याएको निश्चित क्षेत्रलाई जनाउने छ ।

च) "अनुदान" भन्नाले पालिकाले उपलब्ध गराउने बोकाबाखाको निश्चित मुल्यको हिस्सा व्यहोर्ने रकम लाई जनाउछ ।

छ) "बाखा पालन कृषक" भन्नाले फर्म वा समूहको बाखाहरुलाई प्रजननको लागि पाल्ने व्यक्तिलाई जनाउने छ ।

ज) "नश्ल सुधार" भन्नाले उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि त्यहि जातको नजिकको नाता नपर्ने संग प्रजनन् (४-६) पुस्ता बाहिर) गराउनु भन्ने जनाउँदछ ।

ञ) "गाउँपालिका स्तरीय कृषि समिति" भन्नाले कृषि विकास कार्याकम संचालन तथा व्यावस्थापनका लागि पालिकाको कृषि र पशुपन्छी विकास सम्बन्धि नीति नियम तथा अन्य बिषयमा पालिकालाई सल्लाह तथा परामर्श दिन बनाएको समिति भन्ने छ ।

## ४) आपूर्तिकर्ताको छनौट :

क) अनुदानमा उपलब्ध गराईने उन्नत जातको बोका तथा पाठी छनौट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

ख) मूल्यांकन समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछन ।

## ५. बोका बाखा वितरणको आधार

क) कृषक/कृषक समूह/कृषि फर्मले तोकिएको समयमा तोकिएको ढाँचामा पेश हुन आएका निवेदन,

ख) दर्ता भई निरन्तर रुपमा व्यवसाय गरिरहेका कृषक समूह र फर्म ।

ग) आर्थिक तथा सामाजिक रुपमा निम्न वर्गका व्यक्तिहरुलाई लक्षित गरी प्राथमिकिरण गर्नुपर्नेछ ।

घ) गाउँपालिका क्षेत्रभित्रका व्यवसायिक बाखा पालन गर्ने कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

ङ) पर्याप्त डाले भुईघाँस भएको ।

च) बोका बाखालाई आवश्यक मात्रामा दाना खुवाउन सक्ने वा खाध्य सामग्री उपलब्ध गराउन सक्ने ।

छ) बोका बाखा पालान सम्बन्धि रोग तथा परजिवि नियन्त्रण गर्ने ज्ञान र सिप भएको तालिम लिएको अनूभबी ।

ज) रोग तथा परजिवि लागेमा सजिलै उपचार गर्न लैजान सकिने स्थान वा प्राविधिकको पहुँच भएको ।

झ) बोका बाखा पाल्नको लागि जनशक्ती भएको ।

ञ) समय व्यावस्थापन गर्न सक्ने ।

## ६. कृषक/कृषक समूह/कृषि फर्म छनौट

क) उन्नत जातको बोका तथा पाठी अनुदान प्राप्त गर्न चाहाने कृषक उपभोक्ताहरुको लागि निवेदन तथा प्रस्ताव पेश गर्न १५ दिनको म्याद राखी चम्पादेवी गाउँपालिकाको कार्यालयबाट सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

ख) उन्नत जातको बोका तथा पाठी अनुदान प्राप्त गर्न चाहाने कृषक उपभोक्ताहरुले अनुसूचि १ बमोजिम उल्लेखित कागजात सहित चम्पादेवी गाउँपालिकाको कृषि तथा पशुपंक्षी शाखामा निवेदन दिनुपर्नेछ।

ग) उन्नत जातको बोका तथा पाठी अनुदानको लागि निवेदन दिदा अनुसूचि २ मा उल्लेख भए बमोजिम दिनुपर्ने छ ।

## ७. बोका तथा पाठी ब्याबस्थापनको लागि सम्बन्धित समूहको भूमिकाः

क) समूहको बैठक बसी वा फर्मले बोका बाखा खरिद गर्नु पूर्व समूहले व्यहोर्ने रकम संकलन गरि पशुपंक्षी शाखामा बुझाउने ।

ख) कुन सदस्यलाई वा फर्मलाई बोका बाखा पाल्न दिने हो भन्ने निर्णय गर्ने ।

ग) बोका बाखा सहि ढंगले पाले नपालेको अनुगमन गर्ने र बोका बाखाको बिमा अनिर्वाय गर्न लगाउने।

घ) बोकाले प्रजनन् गराए बापत कति शुल्क लिने हो वा नलिने हो सोको निर्णय गर्ने ।

ङ) उन्नत बोका बाखाबाट कति पाठापाठी जन्मिए सो को रेर्कड राख्ने ।

च) समूहका सदस्य वा फर्मले वार्षिक कति बोका,खसि तथा बाखा बिक्री वितरण गरे सो को लागत राख्ने ।

छ) उन्नत बोका बाखा बाट कति प्रतिशत गुण जन्मेको पाठापाठीमा सर्न गयो भन्ने लागत राख्ने ।

ज) उन्नत बोका बाखाहरु उत्पादन गर्ने योजना बनाई कार्यान्वयन गर्ने ।

झ) बोका बाखा राम्रोसंग नपाल्ने सदस्य वा फर्मबाट  बोका झिकाई अर्को उपयुक्त सदस्य वा फर्मलाई उपलब्ध गराउने ।

ञ) लार्पबाहीको कारण बोका बाखा मर्न गएमा सम्बन्धित सदस्य वा फर्म संग क्षतिपूर्ति भराउने । लार्पबाही गरेको हो/हैन भन्ने सफाइ दिने अवसर निज बोका पाल्ने सदस्य वा फर्मलाई दिने छ ।

ट) समूह वा फर्म बाहिरको कृषक समूह वा कृषकहरुले बाखा प्रजनन् गराएमा कति शुल्क लिने भन्ने निर्णय गर्ने र सो मध्ये कति समूह कोषमा राख्ने र कति बोका पाल्नेलाई दिइने भन्ने निर्णय गर्ने ।

**८. बोका बाखा पाल्ने सदस्य वा फर्मले पालना गर्नू पर्ने भुमिका र जिम्मेवारी निम्न अनुसार हुनेछ :**

क) बोका बाखालाई प्राविधिकको सल्लाह अनुसार दानापानीको व्यबस्था गर्नु पर्दछ ।

ख) बोका बाखालाई रोग तथा परजिविले आक्रमण गरेमा तुरुन्त प्राविधिकको सल्लाह अनुसार उपचार गर्नु पर्दछ ।

ग) बोका बाखालाई उपयुक्त बस्ने व्यबस्थाको छुट्टै प्रबन्ध गर्नु पर्दछ ।

घ) प्रजनन् गराउनको लागि सम्बन्धित व्यक्तिले बाखालाई बोका पालेको घरमा ल्याउनु पर्ने छ । तर कहिले कहि ब्यवहारिकताको आधारमा बोका पाल्ने र प्रजन गराने कर्ता बिचको आपसी समझदारिमा सम्बन्धित प्रजनन् गराउने घरमा पनि लैजान सकिनेछ ।

ङ) प्रजनन् गराए वापत शुल्क लिने नलिने समुह वा पालिकाको निर्णयलाई पालना गर्नू पर्दछ । यदि लिने भएमा समूहले वा पालिकाले तोके बोमेजिम मात्र शुल्क लिनु पर्दछ ।

च) परिपक्क भएपछि मात्र प्रजनन्को लागि प्रयोग गर्ने र बोकाको क्षमतामा ह्रास नआओस् भन्नाको लागि प्रतिदिन कति बाखासँग प्रजनन् गराउने भन्ने कुरा प्राविधिकको सल्लाह अनुसार गर्नुपर्ने छ ।

छ) बोका बाखालाई गरेको उपचारको रेकर्ड राख्नु पर्नेछ ।

ज) बोका बाखालाई खुवाएको दानापानीको दैनिक रेकर्ड राख्नु पर्नेछ ।

झ) प्रजनन् गराएको बाखा र प्रजनन् पछि कति बाखाले पाठापाठी जन्मायो भन्ने रेकर्ड बोका पाल्ने व्यक्ति वा फर्मको राख्नु पर्दछ । साथै प्रजनन् बाट कति प्रतिशत गुण नयाँ पुस्तामा सर्यो भन्ने रेकर्ड पनि राख्नु पर्दछ ।

ञ) समूह बाहिरको वा फर्म बाहेकको कृषक समूह वा कृषकहरुले बाखा प्रजनन् गराएमा समुहको निर्णय अनुसार शुल्क लिन सक्ने छ । सो शुल्क कति बोका पाल्ने सदस्यले लिने र कति समूह कोषमा राख्ने भन्ने समूहको निर्णय अनुसार हुनेछ ।

ट) यदि बोका बाखा पाल्ने सदस्यले बोका बाखा पाल्न नसक्ने भएमा सम्बन्धित समूह वा पालिकामा लिखित जानकारी दिन सक्ने छ ।

ठ) बोका बाखा पाल्ने सदस्यको लापर्बाहिको कारणले बोका बाखा मर्न गएको हो भन्ने पुष्टि हुन गएमा उक्त बोका बाखाको क्षतिपूर्ति बोका पाल्ने सदस्य स्वयंले समूहको वा पालिकाको निर्णय अनुसार तोकेको रकम तिर्नु पर्दछ ।

ड) प्रजनन् सेवा दिएको २ वर्ष अवधि पुगे पछि बोका पाल्ने सदस्य वा फर्मले अर्को समूह वा फर्मको उन्नत बोकासँग सट्टापट्टा गरि समूहको बाखासँग प्रजनन् गराउन सक्ने छ । सट्टापट्टा गरि ल्याएको बोकाबाट भने समूहको बाखाहरुलाई प्रजनन् गराउन सक्ने छ,यसरि प्रजनन् गराएवापत समूहको सदस्यबापत समूहको सदस्यहरुबाट शुल्क लिन सक्ने छ ।

**९. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका वुंदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुने छ ।

**१०.संशोधन** : यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधाअड्चन परेमा गाउँपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

## अनुसुची - १
## आवेदन - पत्र

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चम्पादेवी गाउँपालिकाको कार्यालय
कालिका ओखलढुंगा ।

**विषय :** बोका/बाखा उपलब्ध गराई दिने बारे ।

**महोदय,**

प्रस्तुत बिषयमा मिति ..........................गते प्रकाशित सुचना अनुसार दरखास्त माग भए बमोजिम उन्नत जातको बोका तथा तथा बाखा पालन प्रवर्द्धन कार्यक्रममा सहभागी हुने चाहना भएकोले सूचनामा खुलाईएको तपशिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गरिन्छ। सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**तपशिल :**

१. अनुसुचि -१ बमोजिमको आवेदन पत्र, अनुसुचि -२ बमोजिमका कार्ययोजना विवरण ।

२. सम्बन्धित व्यक्तिको नेपालि नागरिकताको प्रतिलिपि ।

३. आवेदकको फर्म दर्ता, पान नं. दर्ता कर  चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

४. कृषक समुह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि ।

५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र ।

निवेदक :

नाम :
ठेगना :
मोवाईल नं. :
दस्तखत :

संस्थाको छाप :

## अनुसुची -२

## कार्ययोजना विवरण

१. व्यवसायको परिचय :

२. उदेश्य :

३. बाखा पालन व्यवसायमा अनुभव :

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण :

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरण :

६. अपेक्षित वार्षिक प्रतिफल :

**आवेदन पेश गर्ने साझेदारीको :**

कृषक/निजी फार्म/समुह/सहकारीको नाम..........................................सम्पर्क नं..............................

ठेगाना : जिल्ला .......................गाउँपालिका/...................................वडा नं........ गाउँ/टोल...................

बख्रा पालन गरिने स्थान :

आवेदकको तर्फबाट सहि गर्नेको :

नाम : औठाको/संस्थाको छाप

दस्तखत :

मिति :

आज्ञाले,

प्रेम प्रसाद सुवेदी

नि प्रमुख प्रशासकीय अधिकृत